लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका (देउखुरी)

## लुम्बिनी प्रदेश सरकार

## १४७ औं सचिव बैठकको निर्णय

२०८० चैत्र ७

१. चालु आर्थिक वर्षको हालसम्मको प्रगतिको समीक्षा गरियो। प्रदेश सरकारका मन्त्रालय एवम् अन्तर्गत निकाय र कार्यालय लगायतको चालु आर्थिक वर्षको प्रगति अवस्था न्यून देखिएकोले अपेक्षित नतिजा र लक्ष्य हासिल हुने गरी वार्षिक विकास कार्यक्रम कार्यान्वयन कार्ययोजनाको माइलस्टोन र तोकिएको अवधिबमोजिम चालु आर्थिक वर्षका योजना तथा कार्यक्रम शीघ्र र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, गराउने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त भएको कार्यविस्तृतीकरण प्रतिवेदनमा संशोधनका लागि तयार गरिएको मस्यौदा सबै मन्त्रालयमा पठाइएको छ। उक्त मस्यौदा उपर सबै मन्त्रालयले अध्ययन गरी विषयक्षेत्र सम्वन्धित विषयमा आवश्यक सुझाव २ दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष पठाउने। सो को समन्वय शासकीय सुधार तथा समन्वय महाशाखाले गर्ने।

३. आगामी आर्थिक वर्ष २०८१/८२ को लागि सबै मन्त्रालयले प्रदेश सरकारको नीति कार्यक्रम मस्यौदा गरी ७ दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने। सो को समन्वय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शासकीय सुधार तथा समन्वय महाशाखा प्रमुखले गर्ने।

४. प्रदेश अर्थ मन्त्रालयले आगामी आर्थिक वर्ष २०८१।८२ को वार्षिक वजेट निर्माणका लागि आवश्यक स्रोत अनुमान र वजेट सिलिङ्ग लगायत कार्यको लागि सबै मन्त्रालयहरुसँग आवश्यक समन्वय गरी तयारी गर्ने।

५. ऋतु, मौसम र मनसुनमा परिवर्तनसँगै हावाहुरी, आगलागी लगायतका प्राकृतिक प्रकोप र विपदको सम्भावनालाई दृष्टिगत गर्दै विषय क्षेत्रगत प्रकोप न्यूनीकरणका लागि विषयगत मन्त्रालयहरु र समग्र विपद रोकथाम र नियन्त्रणका लागि गृह मन्त्रालयले आवश्यक तयारी गर्ने। तहगत समन्वय गरी विपद व्यवस्थापन कार्यलाईको प्रभावकारी समन्वयको व्यवस्था प्रदेश गृह मन्त्रालयले गर्ने।

६. प्रदेशमा वढदो सडक दुर्घटनाका कारण भएको जनधनको क्षतिलाई दृष्टिगत गर्दै सडक दुर्घटना न्यूनीकरण सम्वन्धमा तत्कालीन र दीर्घकालीन उपायहरु सहितको प्रतिवेदन एक महिना भित्र पेश गर्नेगरी उद्योग तथा यातायात मन्त्रालयका सचिवको संयोजकत्वमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, गृह मन्त्रालयका सचिवहरु, स्थानीय प्रशासन प्रमुख, प्रदेश प्रहरी प्रमुख र सरोकारवाला समेतको प्रतिनिधित्व रहने गरी समिति गठन गर्न उद्योग तथा यातायात व्यवस्था मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने।